# रोल्वालिङ्ग खोला जलविद्युत आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्वधी सार्वजनिक सूचना

प्रकाशित मितिः २०७७/११/१०

प्रदेश बागमती जिल्ला दोलखा गौरिशंकर गाउँपालिका र विगु गाउँपालिकामा अपर तामाकोशी हाइड्रोपावर लिमिटेड द्वारा निम्न वमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नामः अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

प्रस्तावको ठेगानाः काठमाडौं

प्रस्तावको व्यहोराः प्रस्तावित रोलवालिङ्ग खोला जलविद्युत आयोजना तामाकोशी नदीको एक प्रमुख सहायक नदी रोल्वालिङ्ग खोलामा प्रस्ताव गरिएको मध्यम आकारको रन अफ रिभर किसिमको जलविद्युत आयोजना हो । यस आयोजनाले २२ मेगावाट बिजुली उत्पादन गर्नुका साथै रोल्वालिङ्ग खोलाको पानीलाई सुरुङ्ग मार्फत फर्काइ निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) को जलाशयमा मिसाउने र सुख्खा मौसममा ऊर्जालाई अधिकतम उत्पादन गरि देशको उर्जाको समग्र विकासमा सहयोग पुऱ्याउने लक्ष्य लिएको छ। प्रस्तावित रोलवालिङ्ग खोला जलविद्युत आयोजनाका मुख्य संरचनाहरुमा वेयर (Weir), इन्टेक (Intake), मुख्य सुरुङ्ग (Headrace Tunnel), भुमिगत विद्युतगृह, डाइभर्सन टनेल (Diversion Tunnel), मेट्रियल रोपवे (Material Ropeway), पैदल मार्ग, आदि पर्दछन् ।

प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिकाहरुः दोलखा जिल्लाको गौरिशंकर र विगु गाउँपालिका ।

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिकाहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

नेपाल विद्युत प्रधिकरण
वातावरण तथा सामाजिक अध्ययन विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं. ०१-४४३५८००, ०१-४४२६७७२
Email: env.social@nea.org.np